नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

## प्रधान कार्यालय, सामान्य सेवा बिभाग

## नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयमा सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नको लागी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/१०/२२)**

दरभाउपत्र नं.: NBL/SQ17/W076/77

काठमाण्डौ जिलला स्थित नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय भवन नं. ६ को चौथो तलामा रहेको निरीक्षण तथा आन्तरीक लेखा परिक्षण बिभाग र लिगल एण्ड कम्प्लायन्स बिभागमा आल्मुनियम पार्टीशन एबंम रंगरोगन लगायतका सिभिल कार्य तथा Central online UPS सहितको Electrical र Networking कार्य गर्नको लागि अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। यस बैंकको न्युरोड, भूगोलपार्क, काठमाण्डौ स्थित काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००१ मा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा बिभागबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, पाल्या शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

### तपसिल

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाई धरौटी वापत यस बैंकको न्युरोड, भूगोलपार्क, काठमाण्डौ स्थित काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८००००००१ मा न्युनतम रु.३७,०००/- (अक्षरेपी सडतीस हजार मात्र।) नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको 'क' वर्गको अन्य वाणिज्य बैंक( नेपाल बैंक लिमिटेड बाहेक) बाट जारी भएको विड वण्ड जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तिम मितिले ४५ दिनको हुनेछ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अघिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

५) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले २१ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ।

दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा बिभाग।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/११/०७ गते बुधबार कार्यालय समय भित्र।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र स्थान :- २०७६/११/०८ गते विहिबार बिहान ११:०० बजे सम्म।
नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा बिभाग।
दरभाउपत्र खोल्ने मिति, समय र स्थान :- २०७६/११/०८ गते बिहिबार दिउँसो १२:३० बजे, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा बिभाग।

बैंकको अनुमानित लागत :-
सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट सहित कूल जम्मा रकम **रु.१४,४९,९७५/५२ (अक्षरेपी चौध लाख उन्पचास हजार नौ सय पचहत्तर र पैसा बाउन्न मात्र।)**

नोट : दरभाउपत्र खोल्ने दिन बिदा पर्न गएमा सो दिनको भोली पल्ट दरभाउपत्र खोलिनेछ। यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ।